# ३० औं बार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट संस्थाका सचिव श्री तुल्सी कृष्ण छुँजुबाट प्रस्तुत बार्षिक प्रतिवेदन २०८१



तुल्सी कृष्ण छुँजु

सभाका सभाध्यक्ष महोदय,
प्रमुख अतिथिज्यू,
अतिथि वर्ग, सहकारीकर्मी मित्रहरु,
संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति
विभिन्न उप-समितिका साथीहरु एवं
आदरणीय सदस्य महानुभावहरु,

संस्थाको ३० औं वार्षिक साधारण सभालाई सफलतापूर्वक सम्पन्न गर्नका लागि उपस्थित हुनु भएका प्रमुख अतिथि, अतिथि वर्ग तथा आदरणीय सदस्य महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दै स्वागत अभिवादन गर्न चाहन्छु। साथै हाम्रो सामुन्ने आई रहेका पर्वहरु मोहनी नखः, विजया दशमी, स्वन्ति नखः, शुभ दिपावली तथा नेपालको मौलिक सम्बत् नेपाल सम्बत ११४५ न्हुदँ नयाँ वर्षको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु।

संस्थाको गत बर्ष सम्पन्न २९ औं वार्षिक साधारण सभाबाट मलाई संस्थाको सचिव पदमा निर्विरोध निर्वाचित गर्नु भएकोमा सम्पूर्ण आदरणीय सदस्य महानुभावहरुमा हार्दिक धन्यवादज्ञापन गर्न चाहन्छु। संस्थाको उन्नति एवं प्रगति तथा सम्पूर्ण सदस्यहरुको सामूहिक हितका लागि अग्रसर रही कार्य गर्ने विश्वास दिलाउन चाहन्छु।

भक्तपुरको चार वटा नगरपालिकाहरु मध्ये यस मध्यपुर थिमि नगरपालिकाले सबै भन्दा पछि सहकारी ऐन र नियमावली जारी गऱ्यो। सहकारी ऐन र नियमावली अलि ढिलो जारी भए तापनि ऐन र नियमावली उत्कृष्ट रहेको चर्चा छ। ऐन, नियम मात्र जारी गरेर केही हुदैन। ऐन, नियममा रहेको व्यवस्थाहरुलाई व्यवहारमा लागू पनि गर्नु पर्ने कुरामा दुईमत हुन सक्दैन। नगरपालिकाले ऐन जारी गरेको दुई वर्ष र नियमावली जारी गरेको झण्डै एक बर्ष भई सकेको छ। ऐन, नियम राम्रो भईकन पनि प्रयोग भएन भने त्यसको कुनै अर्थ रहँदैन। त्यसैले अब उत्कृष्ट ऐन कानूनको समयानुकूल कार्यान्वयनको प्रतिक्षा सहकारीकर्मीहरुले गरेका छन्। स्थानीय सहकारी ऐनले समेटेको 'कालो सूची सम्बन्धी व्यवस्था', 'कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था', 'ऋण असुली न्यायाधिकरण' लगायतको उत्कृष्ट प्रावधानहरु समेटिएको उत्कृष्ट स्थानीय ऐन र नियमावलीलाई उत्कृष्ट ढङ्गबाट कार्यान्वयन गर्न आवश्यक छ। स्थानीय सहकारीकर्मीहरुको अपेक्षा अनुसार स्थानीय सहकारी ऐन र नियमावली जारी गर्न तदारुकता देखाएको स्थानीय सरकारले नियमावली जारी गरेको एक बर्ष विति सक्दा पनि त्यसको कार्यान्वयनमा अग्रसरता नदेखाउँदा ऐन र नियमावलीको उत्कृष्टता कागजमा मात्र सिमित हुने त हैन ? भन्ने सहकारीकर्मीहरुमा आशंका उत्पन्न गराएको छ। त्यसैले मध्यपुर थिमि नगरपालिकाले उत्कृष्ट सहकारी ऐन र नियमावलीको उत्कृष्ट अभ्यासमा तदारुकता देखाउने छ भन्ने विश्वास लिएका छौं।

**सभाध्यक्ष महोदय,**

अब म यस सम्मानित साधारण सभा समक्ष गत आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रगति विवरण तथा चालु आर्थिक वर्ष २०८१/०८२ को लागि बार्षिक कार्यक्रमहरु यस प्रतिवेदन मार्फत यस सम्मानित ३० औं वार्षिक साधारण सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

सर्वप्रथम गत आर्थिक वर्ष २०८०/०८१ को प्रगति प्रतिवेदन यस सम्मानीत साधारण सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

## १. २९ औं वार्षिक साधारण सभा :

संस्थाले विगत केही वर्ष अगाडी साधारण सभा घोषित रुपमा नै घटस्थापनाका दिन गर्दै आएको थियो। तत्कालीन अवस्थामा नेपाल सरकारले घटस्थापनाको दिनमा सार्वजनिक विदा नदिएपछि केही वर्ष एउटै मितिमा साधारण सभा गर्न सकिएन। संस्थाले विगत तीन बर्षदेखि अर्थात २८ औं वार्षिक साधारण सभादेखि एउटै दिन अर्थात असोज ३ गते संविधान दिवसका दिन आफ्नो वार्षिक साधारण सभा गर्दै आएको छ। संस्थाको २९ औं वार्षिक साधारण सभा मिति २०८० असोज ३ गते बुधबार, (ने.सं. ११४३ ञँलाथ्वः पञ्चमी) संविधान दिवसका दिन मध्यपुर थिमि नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठज्यूको प्रमुख आतिथ्यतामा न्यू एभरेष्ट पार्टी प्यालेसमा सम्पन्न गरियो। संस्थाका तत्कालिन अध्यक्ष श्री कान्छा भक्त घजूज्यूको अध्यक्षतामा भएको २९ औं वार्षिक साधारण सभामा स.नं. ११९ का भाईराम कोजूलाई बर्ष 'उत्कृष्ट सदस्य', सदस्यद्वय स.नं. १७ का रमेश कोजू र स.नं. २८२ का केदार पोखरेललाई 'उत्कृष्ट बचतकर्ता', सदस्यद्वय स.नं. १२० का तुल्सी राम दुवाल र स.नं. ३७२७ का अनिल चक्रधरलाई 'उत्कृष्ट ऋणी सदस्य' सम्मान प्रदान गरिएको थियो भने संस्थासँग उत्कृष्ट ऋण कारोबार गर्ने सदस्यद्वय स.नं. ५१६८ का प्रदीप बाडे र स.नं. ४३९ का चन्द्र केशरी धेके (सिंकेमन) तथा उत्कृष्ट बचत कारोबार गर्ने सदस्यद्वय स.नं. १०० का रामकृष्ण कोजू र स.नं. १४२४ का गणेश बहादुर कालुलाई बढी संरक्षित पूँजी फिर्ता पाउने सदस्य घोषित गरी सम्मानित गरिएको थियो।

२९ औं बार्षिक साधारण सभाको उद्घाटन समारोहमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) का पूर्व अध्यक्ष एवं सहकारीविद् श्री कैलाश भक्त प्रधानाङ्गज्यू, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) का सञ्चालक एवं नेफ्स्कून भक्तपुर फिल्ड कार्यालयका संयोजक श्री मन्दरा मिश्र, जिल्ला सहकारी संघ लि., भक्तपुरका अध्यक्ष श्री केदार खड्का, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.का उपाध्यक्ष श्री हरि बल्ल, संस्थाका संस्थापक अध्यक्ष एवं जिल्ला सहकारी संघ लि., सल्लाघारी भक्तपुरका उपाध्यक्ष श्री कृष्ण बहादुर घःजु लगायतका अतिथिहरुले साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो। साधारण सभामा मित्र सहकारी संस्थाका प्रतिनिधिहरुको पनि सहभागिता रहेको थियो। २९ औं बार्षिक साधारण सभामा ७८.९३% अर्थात् ( ३८६७/४८९९ जना) सदस्यहरुको उपस्थिति रहेको थियो।

२९ औं वार्षिक साधारण सभाले संस्थाको तर्फबाट संस्थाका तत्कालीन सचिव हरिकृष्ण कालुले प्रस्तुत गर्नु भएको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन तथा तत्कालीन कोषाध्यक्ष तुल्सी कृष्ण छुँजूले प्रस्तुत गर्नु भएको आ.व. २०७९/०८० को आर्थिक प्रतिवेदन तथा आ.व. २०८०/०८१ को अनुमानित आयव्यय, लेखा परिक्षक श्री एस. भण्डारी एण्ड एशोसियट्सबाट संस्थाका कोषाध्यक्ष मार्फत प्रस्तुत भएको आ.व. २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन तथा लेखा सुपरिवेक्षण समितिका तत्कालीन

संयोजक कमल प्रसाद भट्टराईले प्रस्तुत गर्नु भएको संस्थाको आ.व. २०७९/०८० को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित गरेको थियो । साथै २९ औं वार्षिक साधारण सभाले जयकृष्ण दुवालको नेतृत्वमा ११ सदस्यीय सञ्चालक समिति तथा कान्छा भक्त घजूको नेतृत्वमा तीन सदस्यीय लेखा सुपरिवेक्षण समितिको चयन गरेको थियो।

## २. सदस्यता :

संस्थामा आ.व. २०७९/०८० मा पुरुष २३३६, महिला २५३८ र संस्थागत १ वटा तथा बाल बचतकर्ता केटा ५३५ र केटी ४३७ गरी जम्मा ५८५० जना सदस्य भएकोमा गत आ.ब. २०८०/०८१ मा बाल बचतकर्ता सहित ३१० जना नयाँ सदस्य थप भएकोमा १८ जना सदस्यहरुको निधन र २८ जना सदस्यहरुले सदस्यता त्याग गर्नु भई आ.ब.को अन्तसम्ममा बाल बचतकर्ताहरु सहित सदस्य संख्या ६११४ जना पुगेको छ। यस अनुसार सदस्यता बृद्धि ४.५१% भएको छ।

| सदस्यको प्रकार | आ.ब. २०७९/०८० | | | | आ.ब. २०८०/०८१ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | संस्थागत | जम्मा | महिला | पुरुष | संस्थागत | जम्मा |
| नियमित सदस्य | २३२९ | २१७६ | ० | ४५०५ | २४५६ | २२६७ | ० | ४७२३ |
| जेष्ठ ना. सदस्य | २०९ | १६० | ० | ३६९ | २१० | १५५ | ० | ३६५ |
| संस्थागत सदस्य | ० | ० | ४ | ४ | ० | ० | १ | १ |
| बाल बचतकर्ता | ४३७ | ५३५ | ० | ९७२ | ५३४ | ४९१ | ० | १०२५ |
| जम्मा | २९७५ | २८७१ | ४ | ५८५० | ३२०० | २९१३ | १ | ६११४ |

## ३. वित्तिय अवस्था :

आर्थिक वर्ष २०८०/०८१ को असार मसान्तसम्ममा संस्थाको शेयर पूँजी रू. ८,८८,२४,४००।- (रू. आठ करोड अठासी लाख चौविस हजार चार सय), जगेडा तथा अन्य कोष रू. १०,३९,५५,८१३।२८ (रू. दश करोड उनान्चालीस लाख पचपन्न हजार आठ सय तेह्र रुपैया अठाईस पैसा), सदस्यहरुको बचत रू. १,०५,७४,९६,६००।२३ (रू. एक अर्ब पाँच करोड चौहत्तर लाख छयानब्बे हजार छ सय रुपैया तेईस पैसा), सदस्यहरुलाई प्रदान गरेको ऋण लगानी रू. ५४,२९,५५,१०४।- (रू. चौवन्न करोड उनान्तीस लाख पचपन्न हजार एक सय चार), वित्तीय लगानी रू. ३४,४५,००,०००।- (रू. चौतीस करोड पैतालीस लाख), घरजग्गा सहित अन्य सम्पति रू. ८२,४७,७६२।८८ (रू. बयासी लाख सरचालिस हजार सात सय बैसाठी रुपैया अठासी पैसा), अग्रीम आयकर सहित पाउनु पर्ने रू. २,१२,९७,४६४।१३ (रू. दुई करोड बाह्र लाख सन्तानब्बे हजार चार सय चौसाठी रुपैया तेह्र पैसा) भएको छ भने कूल सम्पति रू. १,२९,३४,६९,९७९।९८(रू. एक अर्ब उनान्तीस करोड चौतीस लाख उनान्सतरी हजार नौ सय उनान्असी रुपैया अन्ठानब्बे पैसा) भएको छ।

## ४. कार्यालय सम्पति बृद्धि :

संस्थाले गत आर्थिक बर्ष २०८०/०८१ मा संस्थाको दैनिक कार्य सञ्चालनका लागि निम्न अनुसारको सम्पति सामानहरु खरिद गरेको व्यहोरा जानकारी गराउन चाहन्छु।

क) विद्युतीय दुई पांग्रे सवारी साधन १ थान (ख) माईक्रो सफ्ट एसक्यूएल (SQL) १ थान

ग) स्टील ऱ्याक २ थान (घ) स्टील ईन्डेक्स फाईल दराज १ थान

ङ) कम्प्युटर १ थान

## ५. सञ्चालन नीति तथा कार्यविधि परिमार्जन :

संस्थाको गत बर्ष सम्पन्न २९ औं बार्षिक साधारण सभाले संस्था सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरु निर्माण गर्ने तथा त्यसमा आवश्यक संशोधन सहित परिमार्जन गर्ने अख्तियारी संस्थाको सञ्चालक समितिलाई प्रत्यायोजित गरे अनुसार गत आ.ब.मा संस्थामा लागू रहेका विभिन्न सञ्चालन नीतिमा आवश्यक संशोधन, पुनर्लेखन गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु।

## ६. सदस्य विमा तथा राहत कार्यक्रम :

संस्थाको “जन्मदेखि मृत्युसम्म, उपकार साकोस घरघरसम्म” कार्यक्रम अन्तरगत नै संस्थाको सदस्य सुत्केरी हुदा संस्थाबाट नवजात शिशुलाई कपडा र स्थानीय परम्परा अनुसार मुख हेरे वापत दाम (नगद) रु. ५००।- सहित सुत्केरी भेटघाट गर्ने गरेको छ। गत आ.ब.मा महिला उप-समितिको सक्रियतामा ३३ जना सुत्केरी सदस्यहरुसँग भेटघाट गरिएको थियो।

संस्थाले विगत बर्षहरु देखि सञ्चालन गर्दै आएको ‘जन्मदेखि मृत्युसम्म, उपकार साकोस घरघरसम्म’ कार्यक्रम अन्तरगत गत बर्ष सम्पन्न बार्षिक साधारण सभाको निर्णय अनुसार सदस्यहरुको आर्थिक सहभागितामा जम्मा ४३८० जना सदस्यहरुको सामूहिक बीमा गरिएको छ। संस्थाका १८ देखि ६४ बर्ष उमेरसम्मका सदस्यहरुको रु. ५०,०००।- को बीमा गरेको हो। गत आ.ब.मा १८ देखि ६४ बर्षसम्मका ६ जना सदस्यहरुको निधन भएकोमा प्रति सदस्य रु. ५०,०००।- का दरले र ६४ बर्ष भन्दा बढी उमेर भएका १८ जना सदस्यहरुको निधन भएकोमा संस्थाको कल्याणकारी कोष नीति अनुसार परिवारका सदस्यहरुलाई रू. ७,०००।- को दरले किरिया खर्च हस्तान्तरण गरिएको छ। त्यसै गरी २३ जना सदस्यका परिवारका सदस्यहरुको निधन भएकोमा प्रति सदस्य रु. २,०००।- का दरले किरिया खर्च हस्तान्तरण गरिएको थियो।

### दिवंगत भएका सदस्यहरु

| क्र.सं. | दिवंगत सदस्यहरु | स.नं. | क्र.सं. | दिवंगत सदस्यहरु | स.नं. |
|---|---|---|---|---|---|
| १ | तुसी माया बाडे | ९४२ | १३ | बेती माया बाडे | ५९ |
| २ | बिकेश दुवाल | २८० | १४ | जगत बहादुर घजु | ३ |
| ३ | भाई कृष्ण अवाल | १९४ | १५ | दुपति खत्री | २५८७ |
| ४ | राम कृष्ण दुवाल | ३०६४ | १६ | हेरा नसी खिचाजु | १२१८ |
| ५ | बाबु काजी श्रेष्ठ | १६५८ | १७ | कृष्ण बहादुर प्रजापति | १८५ |
| ६ | कान्छा कुसले | ४२१२ | १८ | प्रेम कृष्ण कारञ्जित | ५९१४ |
| ७ | बुर माया प्रजापति | ४७३ | १९ | मोहन कुमार प्रजापति | ४४ |
| ८ | पंच लक्ष्मी घजु | ३१४० | २० | रुमा कार्की | ५४२६ |
| ९ | प्रणब शाही | २१७० | २१ | तुल्सी कुमार बाडे | २२० |
| १० | पार माया बज्राचार्य | ४२०३ | २२ | रुद्र भक्त प्रधानाङ्ग | १२२७ |
| ११ | नारायण मान श्रेष्ठ | ४९८० | २३ | जगत नसिं बाडे | ११३३ |
| १२ | बुद्धि बहादुर घजु | ५९९४ | २४ | कृष्ण बहादुर थापामगर | १०७९ |

## दिवंगत भएका सदस्यहरूका आफन्त

| क्र.सं. | सदस्यको नाम | स.नं. | नाता | दिवंगत हुने |
|---|---|---|---|---|
| १ | लाल बहादुर पोडे | ४०४३ | पिता | शंखलाल पोडे |
| २ | ज्ञान केसरी प्रजापति | ८३३ | सासु | विष्णु माया प्रजापति |
| ३ | निगम श्रेष्ठ | ५३५० | छोरा | राम बहादुर छु श्रेष्ठ |
| ४ | राजु श्रेष्ठ | ४१५८ | छोरा | श्रीमाया श्रेष्ठ |
| ५ | श्याम सुन्दर श्रेष्ठ | ३१५६ | छोरा | राम कृष्ण श्रेष्ठ |
| ६ | गुण केशरी प्रजापति | ६११ | बुहारी | हरि माया प्रजापति |
| ७ | बिक्रम राजवाहक | ३०६८ | आमा | ज्ञान माया राजबाहक |
| ८ | बिष्णु देवी प्रजापति | ५७४८ | ससुरा | चक्र प्रजापति |
| ९ | हरि बहादुर थापा | २२०० | बुबा | कृष्ण बहादुर थापा |
| १० | गिता श्रेष्ठ | ५०५६ | ससुरा | रत्न बहादुर श्रेष्ठ |
| ११ | राजु भक्त प्रधानाङ्ग | ६०६ | बुवा | लिला भक्त प्रधानाङ्ग |
| १२ | श्याम बहादुर भट्टराई | २६२३ | बुवा | मिन बहादुर भट्टराई |
| १३ | दान माया घजु | ४११ | पती | गणेश राम घजु |
| १४ | मिलन पोखरेल | ७४३ | बुवा | गोविन्द पोखरेल |
| १५ | बेती माया प्रजापति | ५२५८ | पती | रत्न कृष्ण प्रजापति |
| १६ | सुशिला दुवाल | १४१६ | देवर | अष्त बहादुर दुवाल |
| १७ | विनोद कारन्जित | २०७८ | आमा | गंगा देवी कारन्जित |
| १८ | पुण्यश्वरी धौबन्जार | | ससुरा | तुल्सी धौवन्जार |
| १९ | मगल श्रेष्ठ | २१४६ | बुहारी | रत्न माया श्रेष्ठ |
| २० | शिव भक्त श्रेष्ठ | ५८०९ | आमा | रत्न माया श्रेष्ठ |
| २१ | उतम रञ्जित | ४०८८ | बुबा | शंकर बहादुर रञ्जित |
| २२ | मोहन कृष्ण प्रजापति | ४३२९ | आमा | मोहन माया प्रजापति |
| २३ | मोहन कृष्ण प्रजापति | ४३२९ | भाई | राजेन्द्र प्रजापति |

### ७. सहकारी अध्ययन भ्रमण :

संस्थाको बार्षिक कार्यक्रम अनुसार सहकारी संस्थाहरुले गरेको असल अभ्यास र गतिविधिहरुको जानकारी प्राप्त गर्ने उद्देश्यले सहकारी अध्ययन अवलोकन भ्रमण कार्यक्रमको आयोजना गरियो। २०८० पौष २१ देखि २३ गते सम्म मधेश प्रदेशस्थित स्वस्तिक बचत तथा ऋण सहकारी संस्था लि. र सगुन बचत तथा ऋण सहकारी संस्था लि. को अध्ययन भ्रमण गरियो । उक्त भ्रमण कार्यक्रममा संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उप-समितिहरुका प्रतिनिधिहरु, संस्थापक सदस्यहरु र कर्मचारी गरी जम्मा २५ जनाको सहभागिता रहेको थियो।

### ८. उपकार बाल डबली कार्यक्रम :

संस्थाको शिक्षा उप-समितिको आयोजनामा संस्थाका बाल बचतकर्ता भाईबहिनीहरुमा अन्तरनिहित प्रतिभा प्रस्फुटनका लागि 'उपकार बाल डबली तथा स्टेशनरी वितरण कार्यक्रम' को आयोजना गरियो।

कार्यक्रममा संस्थाका ३८ जना बाल बचतकर्ताहरुले नृत्य, गायन, भाषण तथा कथा बाचन कला प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा सहभागी बाल बचतकर्ताहरुलाई स्टेशनरी तथा खाजा वितरण गरिएको थियो । साथै बाल बचतकर्ताहरुको स्वास्थ्यलाई मध्यनजर गरी भक्तपुरको सिद्धि स्मृति अस्पतालको प्राविधिक सहयोगमा आँखा परिक्षण शिविर पनि सञ्चालन गरिएको थियो ।

**९. जेष्ठ नागरिक सम्मान कार्यक्रम :**

संस्थाले विगत बर्षहरुमा जस्तै गत बर्ष पनि जेष्ठ नागरिक सदस्य सम्मान कार्यक्रम सम्पन्न गरेको छ। मिति २०८० भाद्र २८ गते कुशे औंशीका दिन संस्थाका पुरुष जेष्ठ नागरिक सदस्यहरुको सम्मान कार्यक्रम र २०८१ बैशाख २६ गते मातातीर्थ औशीका दिन संस्थाका महिला जेष्ठ नागरिक सदस्यहरुको सम्मान कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रमहरुमा जेष्ठ सदस्यहरुलाई स्थानीय परम्परा अनुसार सगुन दिनुका साथै उपहार प्रदान गरिएको थियो । त्यसै गरी संस्थाको ३० औं स्थापना दिवसको अवसरमा संस्थाका ७५ बर्ष पुगेका १४ जना जेष्ठ सदस्यहरुको पनि सम्मान गरिएको थियो ।

**१०. स्थापना दिवस :**

संस्थाको ३० औं स्थापना दिवस मिति २०८० चैत्र १२ गते एक समारोहको आयोजना गरी सम्पन्न गरियो । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) का अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूको प्रमुख आतिथ्यता तथा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) का पूर्व अध्यक्ष एवं सहकारीविद् श्री कैलाशभक्त प्रधानाङ्गज्यूको विशेष आतिथ्यतामा स्थापना दिवस कार्यक्रम सम्पन्न भएको थियो । जिल्ला सहकारी संघ लि. का नवनिर्वाचित अध्यक्ष श्री ध्रुव बहादुर रायमाझी, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.का अध्यक्ष श्री कृष्ण गोविन्द लाखाजु, मध्यपुर थिमि नगरपालिकाका सहकारी शाखा प्रमुख श्री अभयन्द्र रञ्जित, संस्थाका संस्थापक अध्यक्ष एवं सल्लाहकार श्री कृष्णबहादुर घजू लगायतका अतिथिहरुको उक्त कार्यक्रममा सहभागीता रहेको थियो ।

कार्यक्रममा स्नातक, स्नात्तकोत्तर तह उत्तीर्ण गर्ने सदस्यहरुका साथै पि.एच.डी. उपाधि प्राप्त गर्नु हुने सदस्य डा. निरज वराल, चिकित्सा विज्ञान (एम.वि.वि.एस.) उत्तीर्ण गर्नु हुने सदस्यद्वय डा. रवि कुमार प्रजापति (एम.डी.) तथा डा. आशिता बैद्यलाई सम्मान गरिएको थियो । त्यसै गरी संस्थाका ७५ बर्ष उमेर पुरा गर्नु हुने तीन जना महिला सहित १४ जना जेष्ठ सदस्यहरुलाई पनि सम्मान गरिएको थियो । साथै मध्यपुर थिमि नगरपालिका वडा नं. ७, नगदेशका असहाय बृद्ध श्री लतं लाल भत्तालाई बृद्धभत्ता पनि प्रदान गरिएको थियो ।

संस्थाको ३० औं स्थापना दिवसको अवसरमा एस.एम (सुस्त मनस्थिति) अभिभावक संघको मिति २०८० चैत्र ३ गते सम्पन्न कार्यक्रममा सहभागी सुस्त मनस्थिति भएका बालबालिकाहरुलाई संस्थाको तर्फबाट रुमाल, साबुन र टूथब्रस उपहार प्रदान गरिएको थियो ।

**११. पुरस्कार तथा सम्मान :**

गत वर्ष मध्यपुर थिमि नगरपालिकाको आयोजनामा ६७ औं राष्ट्रिय सहकारी दिवस प्रभातफेरी कार्यक्रमको आयोजना गरी भव्य रुपमा मनाइएको थियो । उक्त प्रभातफेरी कार्यक्रममा उत्कृष्ट सहभागिता जनाउने संस्थाहरुलाई पुरस्कृत गर्ने कार्यक्रम अनुसार यस संस्थाले पनि उत्कृष्ट सहभागिता

जनाई द्वितीय पुरस्कार प्राप्त गर्न सफल भएको थियो । मध्यपुर थिमि नगरपालिकाद्वारा एक कार्यक्रमको आयोजना गरी नगर प्रमुख श्री सुरेन्द्र श्रेष्ठबाट सो पुरस्कार प्रदान गरिएको थियो।

**१२. कार्यक्रममा सहभागिता :**

सहकारी संस्थाका छाता संगठनहरु, मित्र संस्थाहरु तथा विभिन्न संघ संस्थाहरुका साधारण सभा एवं विभिन्न कार्यक्रमहरुमा यस संस्थाले सहभागिता जनाउँदै आएको छ भने संस्थाका सञ्चालकहरु तथा कर्मचारीहरुलाई आफ्नो जिम्मेवारी अनुसारको तालिम गोष्ठीहरुमा सहभागी गराउँदै आएको छ। मध्यपुर थिमि नगरभित्रका १० वटा सहकारी संस्थाहरु मिलेर बनेको 'सहकारी समन्वय समिति, मध्यपुर थिमि' को आयोजनामा मिति २०८० माघ ५ गते भएको 'सहकारी संस्थामा धितो लिलामी र ऋण असुली सम्बन्धी गोष्ठी' मा संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा ऋण उप-समितिका पदाधिकारीहरु सहभागी हुनु भएको थियो । त्यसै गरी मध्यपुर थिमि नगरपालिका सहकारी शाखाको आयोजनामा मिति २०८० माघ १५ गते भएको 'स्थानीय सहकारी ऐन २०७९ तथा नियमावली २०८० को अभिमुखीकरण कार्यक्रम' मा संस्थाका अध्यक्ष जयकृष्ण दुवाल र व्यवस्थापक कपिल घजू सहभागी हुनु भएको थियो । राष्ट्रिय सहकारी बैक लि., थिमि शाखाको आयोजनामा मिति २०८० माघ २२ र २३ गते भएको 'व्यवस्थापकहरुको क्षमता विकास तालिम' मा संस्थाका व्यवस्थापक कपिल घजूले सहभागीता जनाउनु भएको थियो भने भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि., सूर्यविनायकको आयोजनामा मिति २०८० चैत्र १७ गते भएको 'महिला नेतृत्व तथा उद्यमशिलता उत्प्रेरणा तालिम' मा संस्थाका सञ्चालक नानीछोरी बाडे सहभागी हुनु भएको थियो । बागमती प्रदेश सहकारी संघ लि को आयोजनामा मिति २०८१ बैशाख २८ गते भएको 'सहकारी अन्तर सम्वाद कार्यक्रम' मा संस्थाका अध्यक्ष जयकृष्ण दुवाल सहभागी हुनु भएको थियो । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को आयोजनामा मिति २०८१ असार १४ र १५ गते भएको नेपाल वित्तीय प्रतिवेदन मान सम्बन्धमा भएको तालिममा संस्थाका व्यवस्थापक कपिल घजू सहभागी हुनु भएको थियो । त्यसै गरि राष्ट्रिय सहकारी बैंकको आयोजनामा लेखा सुपरिवेक्षण समितिको दुई दिने राष्ट्रिय गोष्ठीमा संस्थाको तर्फबाट लेखा सुपरिवेक्षण समिति संयोजक कान्छा भक्त घजू सहभागी हुनु भएको र सहकारी प्रशिक्षण तथा अनुसन्धान प्रतिष्ठान आयोजनामा भएको १५ दिने तालिममा संस्थाका व्यवस्थापकले सहभागिता जनाउनु भएको थियो।

**१३. समीक्षा कार्यक्रम :**

गत मिति २०८० साल असोज ३ गते सम्पन्न २९ औ बार्षिक साधारण सभाले पारित गरेको आर्थिक वर्ष २०८०/०८१ को बार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि आवधिक रुपमा समीक्षा गरिदै आएको छ। मिति २०८० फाल्गुण १ गते अर्ध बार्षिक समीक्षा तथा मिति २०८१ असार २० गते बार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा संस्थाको तर्फबाट सचिव तुल्सी कृष्ण छुँजूले प्रगति विवरण र कोषाध्यक्ष रवि घजुले आर्थिक प्रगति विवरण प्रस्तुत गर्नु भएको थियो । सो प्रतिवेदनहरुका सम्बन्धमा लेखा सुपरिवेक्षण समितिका संयोजक कान्छा भक्त घजू, संस्थाका संस्थापक अध्यक्ष एवं सल्लाहकार कृष्ण बहादुर घजू तथा कार्यक्रममा सहभागी अन्य सदस्यहरुले टिप्पणी तथा सुझाव प्रदान गर्नु भएको थियो।

**१४. सहकारी प्रवर्द्धन कोष :**

सहकारी ऐन २०७४ को दफा ७० बमोजिम नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी प्रवर्द्धन कोष सचिवालयमा आर्थिक बर्ष २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन अनुसार सहकारी प्रवर्द्धन कोष बापत दाखिला गर्नु पर्ने रकम रु. ८५,९९६।०३ (रु. पचासी हजार नौ सय छयानब्बे रुपैया तीन पैसा) तोकिएको खातामा जम्मा गरी सहकारी प्रवर्द्धन कोष सचिवालय, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिहदरवार, काठमाण्डौंमा जानकारी गराइएको छ।

**१५. कोपोमिस प्रणाली :**

सहकारी विभागले लागु गरेको सहकारी तथा गरिवी व्यवस्थापन सूचना (Co-operative and Poverty Management Information System - CoPoMIS) प्रणालीमा आवद्ध भई नियमित रुपमा विवरण अद्यावधिक गर्दै आएको छ । उक्त प्रणालीमा करिब ९७.५६% (४९६५/५०८९ जना) सदस्यहरुको विवरण अद्यावधिक गरिएको छ भने संस्थाको मासिक प्रतिवेदनहरु तथा अन्य विवरणहरु यसै कोपोमिस प्रणाली मार्फत नियामक निकायहरुमा पठाउने गरिएको छ।

**१६. सम्पति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण :**

सम्पति शुद्धीकरण निवारण ऐन, २०६४ अनुसार यस संस्थाले सीमा कारोवार सम्बन्धी प्रतिवेदन नेपाल राष्ट्र बैक, वित्तिय जानकारी इकाईमा सिडी, पत्र वा ईमेल मार्फत पठाउँदै आएकोमा नेपाल राष्ट्र बैकको मिति २०७९/०२/०१ को परिपत्र अनुसार goAML System मार्फत जानकारी पठाउँदै आएको जानकारी गराउन चाहन्छु । सीमा कारोवारका प्रतिवेदनहरु समय सीमाभित्र नै पठाउने गरेको छ । सहकारी विभागको निर्देशनको दफा २८ अनुसार अनुसूची ६ बमोजिमको फाराम भरी नियामक निकाय मध्यपुर थिमि नगरपालिकामा पनि चौमासिक प्रतिवेदन पठाउने गरिएको पनि जानकारी गराउन चाहन्छु । यसै गरी सम्पत्ति शुद्धिकरण सम्बन्धी प्रतिवेदनहरु कोपोमिस प्रणालीमा पनि अद्यावधिक गर्ने गरेको छ । संस्थामा कार्यान्वयन अधिकारी (कम्प्लायन अफिसर) परिवर्तन भएकोले सोको जानकारी नेपाल राष्ट्र बैक, वित्तीय जानकारी ईकाईमा पनि अद्यावधिक गरेको छ।

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ बमोजिम संस्थाको ५०८९ जना सदस्यहरु मध्ये ४४७७ जना सदस्यहरुको सदस्य पहिचान अध्यवधिक गरिएका छ

**१७. लेखा सुपरिवेक्षण समितिको सुझाव सम्बन्धमा :**

सहकारी संस्थाको मार्गदर्शकको रुपमा रहेको संस्थाको लेखा सुपरिवेक्षण समितिले संस्थालाई समय समयमा विभिन्न सुझावहरु दिंदै आएको छ। गत वर्ष सम्पन्न २९ औं वार्षिक साधारण सभा मार्फत केही सुझावहरु प्रस्तुत भएको थियो । संस्थाको सञ्चालक समितिको कार्यहरुलाई सहयोग गर्नका लागि सञ्चालक समितिले आवश्यकता अनुसार विभिन्न उप-समितिहरु गठन गरेको छ। लेखा सुपरिवेक्षण समितिले सञ्चालक समितिले गठन गरेका उप-समितिहरुलाई सक्रिय बनाउनका लागि सुझाव दिए अनुसार संस्थाका उप-समितिहरुलाई क्रियाशील बनाई संस्थाको उद्देश्य पुरा गर्ने कार्यहरु भएको जानकारी गराउन चाहन्छु । साथै सदस्यहरुलाई सहकारी तथा संस्थाको गतिविधिहरुको जानकारी

गराउनका लागि समय समयमा शिक्षा शिविर कार्यक्रमहरु आयोजना गर्न सुझाव दिए अनुसार सदस्यहरुका लागि नियमित रुपमा शिक्षा शिविर सञ्चालन गर्ने प्रयास गरिएको छ। त्यसै गरी संस्थाको कामको सिलसिलामा विभिन्न ठाउँहरुमा गई रहनु पर्ने भएकोले जानआउन सहजताका लागि संस्थाले एउटा दुई पाग्रे सवारी साधन व्यवस्था गर्न सुझाव दिए अनुसार गत वर्ष संस्थाले एउटा विद्युतीय सवारी साधन खरिद गरी प्रयोग गर्दै आएको छ।

## १८ अन्य कार्यक्रमहरु :

**क) स्वास्थ्य अभिमुखीकरण तथा प्यापस्मीयर परिक्षण शिविर :**

मिति २०८० मंसिर २३ गते युवा तथा स्वास्थ्य उप-समितिको आयोजनामा महिला तथा पुरुष स्वास्थ्यमा हुने विशेष समस्याका बारेमा जानकारी गराउने उद्देश्यले "महिला प्रजनन् स्वास्थ्य तथा प्रोस्टेट सम्बन्धी अभिमुखीकरण कार्यक्रम" को आयोजना गरियो । कार्यक्रममा ४७ जना सदस्यहरुको सहभागिता रहेको थियो।

त्यसै गरी मिति २०८० चैत्र १४ गते संस्थाको युवा तथा स्वास्थ्य उप-समितिको आयोजनामा संस्थाका महिला सदस्यहरुका लागि "महिलाहरुको पाठेघरको मुखको क्यान्सर सम्बन्धी अभिमुखीकरण कार्यक्रम" आयोजना गरियो भने संस्थाको महिला उप-समितिको सक्रियतामा मिति २०८० चैत्र १७ गते शनिबारका दिन अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा मध्यपुर हेल्थ एण्ड वेलनेस होम, मध्यपुर थिमिको प्राविधिक सहयोगमा महिलाहरुको पाठेघरको मुखको क्यान्सर परिक्षण शिविर आयोजना गरिएको थियो । उक्त कार्यक्रममा ६० जना महिलाहरुको सहभागिता रहेको थियो।

**ख) उद्यमशीलता अभिमुखीकरण कार्यक्रम :**

संस्थाको व्यवसाय प्रवर्द्धन उप-समितिको आयोजनामा सदस्यहरुलाई उद्यमशील बनाई व्यावसायिक कार्यहरुमा अग्रसर बनाउने उद्देश्यले मिति २०८० माघ २६ गते घरेलु तथा साना उद्योग कार्यालय, भक्तपुरको प्राविधिक सहयोगमा "उद्यम तथा उद्यमशिलता अभिमुखीकरण कार्यक्रम" को आयोजना गरियो। कार्यक्रममा ३५ जना सदस्यहरुको सहभागिता रहेको थियो।

**ग) भित्ते पात्रो (क्योलण्डर):**

नेपालमा मनाईने विभिन्न चाडपर्वहरुको सूचक नेपालको मौलिक तथा राष्ट्रिय सम्बत् नेपाल सम्बतको सम्बर्द्धनका लागि संस्थाले विगत लामो समयदेखि नियमित रुपमा भित्तेपात्रो (क्यालेण्डर) प्रकाशित गर्दै आएको र नेपाल सम्वत् ११४४ नयाँ वर्षको उपलक्ष्यमा पनि भित्तेपात्रो (क्यालेण्डर) प्रकाशित गरी वितरण गर्ने कार्य गत आ.ब.मा पनि निरन्तर भयो। गत बर्ष प्रकाशित क्यालेण्डरमा मध्यपुर थिमि नगरपालिका वडा नं. ७, नगदेश स्थित नृत्यनाथ बासुरी खलःबाट आयोजित बासुरी प्रतियोगिताका उत्कृष्ट सहभागीहरुको फोटोहरु आवरणको रुपमा समावेश गरिएको थियो।

**घ) प्रतिवेदन तथा प्रचार सामग्री :**

संस्थाको २९ औं वार्षिक साधारण सभाको बार्षिक प्रतिवेदन छपाई गरी वितरण गरियो । साथै संस्थाको गतिविधि सम्वन्धमा जानकारी दिने उद्देश्यका साथ स्थानीय पत्रिका मध्यपुर पोष्टमा उपकार कर्नर नियमित रुपमा प्रकाशन गर्दै आएको छ।

**ङ) त्य:छिंत्य: कार्यक्रम :**

परम्परागत साँस्कृतिक संरक्षण गर्ने उद्देश्यले यस संस्थाको साँस्कृतिक तथा सामाजिक सेवा उप-समितिको सक्रियता तथा ज्यापू महागुथि, पूर्व लागा समिति नगदेश, मध्यपुर थिमिसँग सहकार्य गरी स्थानीय पर्व योमरी पूर्णिमाको उपलक्ष्यमा साँस्कृतिक बाजागाजा र परम्परागत नृत्य सहित नगदेश परिक्रमा गरी त्य:छिंत्य: कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा संस्थाका संचालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उप-समितिका सदस्यहरु एवं हिमचुली एकेडेमी, धुञ्चोपाखा, नगदेश, स्मलकिड्स एकेडेमी, नगदेशका विद्यार्थी भाईबहिनीहरुको पनि सहभागिता रहेको थियो।

**च) रक्तदान कार्यक्रम :**

नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा भक्तपुर अन्तरगतको रक्त सञ्चार केन्द्र भक्तपुरको अनुरोधमा मिति २०८० मंसिर २९ गते आकस्मिक रक्तदान कार्यक्रमको आयोजना गरियो। उक्त कार्यक्रममा १८ जना रक्तदाताहरुले रक्तदान गर्नु भएको थियो भने संस्थाको स्थापना दिवसको अवसरमा सहयोगी महिला समूह, निकोसेरासँग सहकार्य गरी रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो। उक्त रक्तदान कार्यक्रममा ३३ जना स्वयम् सेवी रक्तदाताहरुले रक्तदान गर्नु भएको थियो।

**छ) प्रभातफेरी कार्यक्रम :**

मध्यपुर थिमि नगरपालिकाको आयोजनामा ६७ औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा भएको प्रभातफेरी कार्यक्रममा सहभागीता जनाइयो । मध्यपुर थिमि नगरपालिका वडा नं. ४ बालकुमारीबाट शुरु भई मध्यपुर थिमि नगरपालिका वडा नं. ७, नगदेशको छ्वास टोलमा सम्पन्न भएको उक्त प्रभातफेरी कार्यक्रममा धिमे तथा बासुरी बाजा सहित ६० जना सदस्यहरुको सहभागिता रहेको थियो।

**ज) सहकारी शिक्षा शिविर:**

मिति २०८० माघ ५ गते संस्थाको बिभिन्न उप-समितिका पदाधिकारीहरु तथा अगुवा सदस्यहरुका लागि सहकारीको समसामयिक विषय तथा संस्थाको गतिविधिहरुका बारेमा जानकारी दिन 'सहकारी सम्बन्धी अभिमुखीकरण' कार्यक्रमको आयोजना गरिएको थियो। कार्यक्रममा ४० जना अगुवा सदस्यहरुको सहभागिता रहेको थियो । त्यसै गरी मध्यपुर थिमि नगरपालिका वडा नं. ९ निकोसेरा स्थित सहयोगी महिला समूहको संयोजनमा निकोसेराका स्थानीय व्यक्तिहरुलाई सहकारी सम्बन्धी जानकारी गराउनका लागि मिति २०८० फाल्गुण १३ गतेका दिन 'पूर्व सदस्य सहकारी शिक्षा शिविर' को आयोजना गरियो । कार्यक्रममा ५३ जना सहभागिता रहेको थियो भने मध्यपुर

थिमि नगरपालिका वडा नं. ७, नगदेश स्थित न्हूजः मिसा पुचः बाहाननीको संयोजनमा मिति २०८१ असार ११ गते नगदेश बुद्ध विहारमा सहकारी शिक्षा शिविरको आयोजना गरियो । कार्यक्रममा ६१ जना सदस्यहरुको सहभागिता रहेको थियो।

**सभाध्यक्ष महोदय,**

गत आर्थिक बर्ष २०८०/०८१ पनि सहकारी अभियानको लागि सुखद वर्ष रहेन। विभिन्न सहकारी संस्थाले सदस्यहरुको बचत फिर्ता नदिएको, सञ्चालक तथा कर्मचारीहरुले बचत अपचलन गरेको जस्ता विषयमा आम सञ्चार माध्यमहरुमा नकारात्मक समाचारहरु प्रकाशित भई रह्यो। सहकारीको बचत अपचलन गर्नेहरुमा राजनीतिक पार्टीका नेताहरु समेतको संलग्नता रहेको समाचारहरु आई रह्यो । यस प्रकारको समाचारहरुले गर्दा समुदायमा सहकारी भन्ने वितिकै नकारात्मक दृष्टिकोणले हेर्ने अवस्थामा पुगेको छ । सहकारीहरुको अस्वस्थ प्रतिस्पर्धा, व्याजको प्रलोभन देखाएर बचत संकलन गर्ने प्रबृत्ति, एकै व्यक्ति तथा संस्थाका सञ्चालकहरुमा बढी लगानी, विना धितो ऋण लगानी जस्ता कारणहरुले गर्दा तरलताको ख्याल नै नगरी लगानी गरेका संस्थाहरुमा वित्तीय संकट रहेको देखिन्छ। सहकारी संस्थामा सदस्य हुँदा वा बचत गर्दा संस्थाको विगतदेखिको अवस्था विचार गर्नु हुन र व्याज लगायत अन्य प्रलोभनमा नपर्न हुन समेत सदस्यहरुमा अनुरोध गर्दछु।

सहकारी क्षेत्रमा हाल देखिएका समस्याहरु समाधान हुने अपेक्षाका साथ संस्थाले चालु आर्थिक बर्ष २०८१/०८२ को लागि बार्षिक कार्यक्रमहरु तयार गरेको छ। सदस्यहरुको आवश्यकता सम्बोधन गर्नका लागि संस्थाका विभिन्न उप-समितिका पदाधिकारीहरु समेतको सहभागितामा संस्थाका पूर्व सञ्चालकहरु र सदस्य महानुभावहरुबाट प्राप्त सुझावहरुलाई मध्यनजर गरि चालु आर्थिक बर्षको बार्षिक कार्यक्रम निर्माण गरिएको छ । संस्थाको सञ्चालनमा सदस्य महानुभावहरुबाट प्राप्त सुझावहरुलाई मार्गदर्शनको रुपमा लिइएको छ । प्रस्तुत कार्यक्रमहरुको कार्यान्वयनमा सबै आदरणीय सदस्य महानुभावहरु लगायत सञ्चालक समिति, उप-समिति तथा कर्मचारीहरुको सक्रिय सहयोग प्राप्त हुने अपेक्षा गरेको छु।

**सभाध्यक्ष महोदय,**

अब म यस सम्मानीत ३० औं बार्षिक साधारण सभा समक्ष संस्थाको चालु आर्थिक बर्ष २०८१/०८२ को बार्षिक कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. विगत बर्षहरुमा जस्तै संस्था सञ्चालन र विकासमा योगदान पुऱ्याउनु हुने सदस्यहरु, उत्कृष्ट कारोबार गर्ने सदस्य महानुभावहरुलाई सम्मानीत तथा पुरस्कृत गरिनेछ।

२. संस्थाको ३० औं बार्षिक साधारण सभामा उपस्थित भए बापत नियमानुसार कर कट्टा गरी खाजा तथा परिवहन खर्च रु. ३००।- (कर बाहेक) प्रदान गरिनेछ।

३. संस्थाको आर्थिक बर्ष २०८०/०८१ को बार्षिक लेखा परिक्षण प्रतिवेदन अनुसार शेयर लाभांश कोषमा रहेको रकमबाट साधारण सभाले अनुमोदन गरे पश्चात् शेयर लाभांश तथा सदस्यहरुले संस्थामा गरेको बचत र ऋणको कारोबारको आधारमा संरक्षित पूँजी कोषमा रहेको रकम सदस्यहरुमा वितरण गरिनेछ।

४. संस्थाले सञ्चालन गर्दै आएको लोकप्रिय कार्यक्रम “जन्मदेखि मृत्युसम्म, उपकार साकोस घरघरसम्म” कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता प्रदान गरिनेछ। जस अन्तरगत सदस्य सुत्केरी हुँदा गरिदै आएको सुत्केरी भेटघाट कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ र सुत्केरी सदस्यको शिशुलाई उपहार स्वरुप एक सेट कपडा (लुगा) तथा मुख हेरे बापत रु. पाँच सयको भुक्तानी पूर्जा प्रदान गरिनेछ।

संस्थाले नियमित बचत सदस्यहरुको सहभागितामा (१८ देखि ६४ बर्षसम्मका सदस्यहरु सहभागी हुने गरी) सञ्चालन गरेको सदस्य राहत (किरिया खर्च) रकम रु. ५०,०००।- लाई चालु बर्षमा पनि यथावत कायम गरिनेछ र संस्थाका जेष्ठ नागरिक सदस्य तथा बाल बचतकर्ताहरु परलोक भएमा राहत सहयोग रु. ७,०००।- प्रदान गरिनेछ। त्यसै गरी संस्थाका सदस्यको परिवारका सदस्य परलोक भएमा संस्थाबाट प्रदान गर्दै आएको रु. २,०००।- राहत सहयोगलाई पनि निरन्तरता प्रदान गरिनेछ।

सदस्य विरामी भई अस्पताल भर्ना हुनु पर्ने अवस्थामा संस्थाको ऋण नीति बमोजिम तीन महिना सम्म विना व्याज रू. ३०,०००।- (रू. तीस हजार) सम्म ऋण प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५. संस्थाको सदस्य संख्या आगामी आर्थिक वर्षको अन्तमा ६६०० पुऱ्याइने लक्ष्य रहेको छ। सदस्यता शुल्क, संस्था विकास शुल्क तथा कल्याणकारी शुल्क छुट प्रदान गरिने छ। संस्थामा सदस्यता प्राप्त गर्न सजिलो बनाउनका लागि सदस्यहरुको क्षमता र चाहना अनुसार न्यूनतम शेयर तथा बचत रकमबाट घरदैलोमा नै सदस्यता प्रदान गर्ने व्यवस्था गरिनेछ।

६. संस्थाका १८ देखि ३५ बर्षसम्मका सदस्यहरुले कुनै पनि व्यापार व्यवसाय सञ्चालन गर्नका लागि ऋण माग गरेमा रु. ३० लाखसम्म सहुलियत व्याज दरमा ऋण प्रदान गरिनुका साथै नि:शुल्क स्मार्ट मोबाईल बैकिङ्ग सेवा उपलब्ध गराईनेछ। साथै कृषि व्यवसायमा संलग्न किसान दाजुभाइ दिदीबहिनीहरुले कृषि औजार खरिदका लागि लिने रू. १,००,०००।- सम्मको ऋणमा तीन महिनासम्मको व्याज मिनाहा गरिनेछ।

७. संस्थाका पदाधिकारीहरु तथा सदस्यहरुका लागि सहकारी व्यवस्थापन सम्बन्धी क्षमता अभिबृद्धि गर्नका लागि आवश्यक तालिम/गोष्ठीहरु सञ्चालन गरिनेछ। साथै संस्थामा कार्यरत कर्मचारीहरुको जिम्मेवारी अनुसारको व्यावसायिक सीप, दक्षता तथा क्षमता अभिबृद्धिका लागि आवश्यकता अनुसार तालिम तथा गोष्ठीहरुमा सहभागी गराईनेछ। साथै सदस्यहरुका लागि विभिन्न सीपमुलक, आयमुलक तालिमहरु प्रदान गर्ने र व्यवसाय गर्ने सदस्यहरुलाई सहुलियत दरमा ऋण उपलब्ध गराईनेछ।

८. संस्थाले नियमित रुपमा सदस्य शिक्षा शिविर लगायत विभिन्न जानकारीमूलक, आयमूलक, सीपमूलक तालिम, बिस्तारित मञ्च कार्यक्रम, वित्तीय साक्षरता कार्यक्रम, भेला गोष्ठीहरुको आयोजना गरिनेछ। सम्पति शुद्धिकरण निवारण सम्बन्धी सदस्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

९. सहकारी संस्थाहरु फरक फरक समुदायमा गठन भएको हुँदा संस्थाको आ-आफ्नै पहिचान र विशेषता रहेको हुन्छ। ती संस्थाहरुले सञ्चालन गरेका कार्यक्रमहरु, गरेका असल अभ्यासहरुको अध्ययन अवलोकन गरी उपयुक्त कार्यक्रमहरु संस्थामा पनि लागु गरी सदस्यहरुको सेवामा थप प्रभावकारीता ल्याउन, अन्तर सहकारी सहयोग तथा सद्भाव कायम गर्न सहकारी अध्ययन भ्रमण कार्यक्रमको आयोजना गरिने छ।

१०. संस्थाका बाल बचतकर्ताहरुको प्रतिभा प्रष्फुटनका लागि बार्षिक रुपमा उपकार बाल डबुली कार्यक्रम तथा स्टेशनरी वितरण कार्यक्रम सञ्चालन गर्दै आएकोमा उक्त कार्यक्रमलाई यथावत रुपमा सञ्चालन गर्ने र शैक्षिक सामग्री वितरण गर्ने व्यवस्था गरिने छ।

११. आगामी चैत्र १२ गते उपकार बचत तथा ऋण सहकारी संस्था लि. शुभारम्भ भएको ३ दशक पार भएसँगै संस्थाको ३१ औं स्थापना दिवस विविध कार्यक्रमहरु आयोजना गरी भव्य रुपमा मनाईनेछ।

१२. संस्थाको सदस्य संख्या र कारोबारमा भएको बृद्धिसँगै संस्थाको दैनिक कार्य सञ्चालनका लागि आवश्यकता अनुसार फर्निचर तथा अन्य कार्यालय सामग्रीहरुको व्यवस्था गरिनेछ।

१३. सहकारी विभागबाट जारी निर्देशन अनुसार सदस्यहरुको व्यक्तिगत विवरण अद्यावधिक गर्ने र कोपोमिस प्रणालीमा विवरणहरु नियमित रुपमा अद्यावधिक गर्ने कार्य भई रहेको जानकारी गराउँदै उक्त कार्यलाई चालु आ.ब.मा पनि निरन्तरता प्रदान गरिनेछ । संस्थाबाट उपलब्ध सेवा सुविधाहरुका सम्बन्धमा सदस्यहरुबाट पृष्ठपोषण पाउनका लागि नमूना छनौट विधि मार्फत चालु वर्ष कम्तीमा १०% सदस्यहरुको सन्तुष्टि सर्भेक्षण गरिनेछ।

१४. नेपाल लेखामान बोर्ड (Nepal Accounting Standard Board) अनुसार संस्थाको लेखा परिक्षण प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards) (NFRS) अनुसार बनाउनु पर्ने र लेखा परिक्षकज्यूहरुबाट समेत यस सम्बन्धमा सुझावहरु प्राप्त भएकोले चालु आ.ब. २०८१/०८२ को अन्तिम लेखा परिक्षण प्रतिवेदन हाल प्रचलनमा आएको नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार तयार गरिनेछ।

१५. बचत तथा ऋण सहकारी संस्थाको केन्द्रीय संगठन नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) तथा जिल्ला संघहरुबाट सञ्चालन हुने कार्यक्रमहरुमा निरन्तर सहभागिता जनाइनेछ।

१६. समुदायमा अहिले रक्तचाप, मधुमेह जस्ता नसर्ने रोगहरु बढ्दै आएको छ । यस्तो खालको स्वास्थ्य जोखिम न्यूनीकरणका लागि हाम्रो दैनिक जीवनयापनमा विशेष ध्यान दिनु आवश्यक हुन्छ र यसलाई नियमित रुपमा परिक्षण गर्नु पर्ने हुन्छ। यसै तथ्यलाई मनन गरी संस्थाको कार्यालयमा निःशुल्क रक्तचाप (ब्लड प्रेसर) नाप्ने र सहुलिय दरमा मधुमेह (सुगर) परिक्षण गर्ने व्यवस्था गरिनेछ। साथै संस्थाका विरामी वा नियमित रुपमा औषधीको प्रयोग गर्नु पर्ने सदस्यहरुलाई सहुलियत दरमा घरघरमा नै औषधी पुऱ्याउने व्यवस्था गरिनेछ।

१७. सहकारी ऐन २०७४ तथा नियमावली २०७५ ले बचत तथा ऋण सहकारी संस्थाहरुको संख्या अत्यधिक भई कार्यक्षेत्र मिलेका स्थानीय सहकारी संस्थाहरुलाई एक आपसमा गाभिन निर्देशन गरेको र सहकारी अभियन्ताहरुबाट समेत सहकारी संस्थाहरुको संख्या बढाउनुभन्दा एकीकृत गरी सदस्यहरुलाई गुणस्तरीय सेवा प्रदान गर्नेतर्फ अग्रसर हुन आह्वान भई रहेको अवस्थामा संस्थाले भौगोलिक कार्यक्षेत्र मिल्ने सहकारी संस्थाहरुसँग एकीकरण गरी सहकार्य गर्न गठन गरिएको एकीकरण कार्यदललाई क्रियाशिल गरिनेछ।

१८. संस्थाका विभिन्न उप-समितिहरुबाट कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ।

यस सम्मानीत ३० औं बार्षिक साधारण सभामा प्रस्तुत गरिएको गत आ.ब.को प्रगति प्रतिवेदन तथा चालु आ.ब. २०८१/०८२ को बार्षिक कार्यक्रमहरुका सम्बन्धमा विस्तृत रुपमा छलफल गरी राय, सुझाव, निर्देशनहरु प्रस्तुत गरीदिनु हुन सम्पूर्ण आदरणीय सदस्यहरुमा अनुरोध गर्न चाहन्छु। साथै प्रस्तुत प्रतिवेदन तथा कार्यक्रमहरुलाई यस सम्मानीत साधारण सभाबाट पारित गरीदिनु हुनका लागि प्रस्ताव समेत गर्दछु।

अन्तमा, सहकारिताको सिद्धान्तलाई अधिकतम रुपमा पालना गर्दै आएको गुणस्तरीय, भरपर्दो र समुदायमा आधारित सहकारी संस्था छनौट गरी पूर्ण रुपमा निर्धक्क भएर आर्थिक कारोबार गर्नु हुन अनुरोध गर्दै हाम्रो नजिक आई रहेका चाडहरु मोहनी नखः, विजया दशमी, शुभ दिपावली, स्वन्ति नखः, नेपाल सम्बत् ११४५ नयाँ बर्ष तथा छठ पर्वको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दै यो प्रतिवेदन टुंग्याउन चाहन्छु।

धन्यवाद ! जय उपकार !!

## कार्यालय समय :

- संस्था विदाको दिन बाहेक प्रत्येक दिन विहान ७:०० बजेदेखि दिनको ३:०० बजेसम्म सञ्चालन हुनेछ।
- संस्था विदाको दिनमा विहान ७:०० बजेदेखि १०:०० बजेसम्म सञ्चालन हुनेछ।
- संस्थाको नगद कारोवार प्रत्येक दिन विहान ७:०० बजेदेखि २:०० बजेसम्म हुनेछ। संस्था विदाको दिनमा विहान ७:०० बजेदेखि ९:३० बजेसम्म हुनेछ।

## संस्था विदा हुने दिनहरू

क) प्रत्येक शनिबार ।
ख) बैशाख १ र २ गते ।
ग) देवाली पूजा (दिगुपूजा) ।
घ) येँन्या पून्हि (ईन्द्रजात्राको भोलि पल्ट) ।
च) गाईजात्रा । (सापारु)
छ) घटस्थापना, फुलपाती देखि द्वादशीसम्म र कोजाग्रत पूर्णिमा
ज) लक्ष्मी पूजा, म्हपूजा तथा किजापूजा ।
झ) योमरी पून्हि ।
ञ) माघे संक्रान्ति ।
ट) होलि पून्हि ।
ठ) गुन्हि पुन्हि ।
द) चैत्र मसान्त ।
ढ) मच्छिन्द्र नाथको भोटो जात्रा ।
ण) बार्षिक साधारण सभाको भोलि पल्ट ।
त) चैत्र २० गते राष्ट्रिय सहकारी दिवस ।
थ) विश्व मजदुर दिवस ।